नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
# जुम्ला

☎ ०८७-५२००१२
☎ ०८७-५२०११२
📠 ०८७-५२०१८०
✉ daojumla@gmail.com

प.सं.२०७८/७४ (प्रशासन)

मितिः-२०७८/०५/२४

विषयः खोज तथा उद्धार सम्बन्धमा।

मिति २०७८/५/२१ जुम्ला जिल्ला गुठीचौर गाउँपालिका वडा नं. ३ वस्ने मन बहादुर बुढाको छोरी वर्ष ९ कि सुस्मिता बुढा सहित ३ जना ओखर टिप्न जाने क्रममा चुचेबगर खोलाको काठको पुल तर्ने क्रममा निज सुस्मिता बुढा पुलबाट खसि खोलामा बगेको भन्ने निजको दिदि वर्ष १५ कि टिका बुढाले जानकारी गराई पश्चात गुठिचौर प्रहरी पोष्टका प्र.ह.कृष्ण बहादुर शाहीको कमाण्डमा ३ र प्र.चौ. मणिसाँघुबाट प्र.स.नि.यज्ञ थापाको कमाण्डमा ४ जनाको टोली र स्थानीय व्यक्तिहरु सहितको टोलीबाट गई खोज तलाश भई रहेको र मिति २०७८/५/२४ गते प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा सुरक्षा समितिका पदाधिकारीहरू सहित नेपाली सेना १० जना, नेपाल प्रहरी १३ जना र शसस्त्र प्रहरी वलको १४ जना गरी जम्मा ३७ जनाको संयुक्त खोज तथा उद्धार टोलीले दानसाघु देखि धौउमुडी सम्म स्थलगत खोज कार्य र धौउलमुडी देखि उमघाट सम्म रेप्टिङ वोर्डमा नेपाल सेना र शसस्त्र प्रहरी वलको ७ जना को टोलीबाट खोजी कार्य गर्दा हाल सम्म नभेटिएको हुँदा नदि छेउछाउका बासिन्दाहरूले निजलाई भेटाएमा सम्बन्धित निकायमा जानकारी गराई खोज तथा उद्धार कार्यमा सहयोग गरी दिन हुन अनुरोध छ।

२०७८/५/२४

सहायक प्रमुख जिल्ला अधिकारी